नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

मितिः २०७८।०७।३०

## प्रेस विज्ञप्ती

**१. नक्कली अन्तःशुल्क स्टिकर प्रयोग गरी राजस्व चुहावट गरेको अभियोगमा रु ५,५६,४३,०९८।- (अक्षेरुपी पाँच करोड छपन्न लाख त्रिचालिस हजार अन्ठानब्बे रुपैंया मात्र) बिगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई रुपन्देही जिल्ला, सिद्दार्थनगर न.पा. वडा नं. १३ स्थित कृष्टल बोटलर्स प्रा. लि. (स्थायी लेखा नम्बर ३०५६४५१३१) का सन्चालक फुलसिंह क्षेत्री, माउन्ट एभरेष्ट डिष्टिलरी प्रा.लि. (स्थायी लेखा नम्बर ३०२९५१११६) का संचालक मृगेन्द्र गोविन्द श्रेष्ठ, तथा जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ३ दरखसवा स्थायी ठेगाना भएका मोहमद साहिद अन्सारी समेत १२ जनालाई मिति २०७८।०७।२९ गते श्री उच्च अदालत तुल्सीपुर बुटवलमा मुद्दा दायर गरिएको।**

**रुपन्देही जिल्ला, सिद्दार्थनगर न.पा. वडा नं. १३ स्थित कृष्टल बोटलर्स प्रा. लि. (स्थायी लेखा नम्बर ३०५६४५१३१) का सन्चालक फुलसिंह क्षेत्री, माउन्ट एभरेष्ट डिष्टिलरी प्रा.लि. (स्थायी लेखा नम्बर ३०२९५१११६) का संचालक मृगेन्द्र गोविन्द श्रेष्ठ, तथा जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ३ दरखसवा स्थायी ठेगाना भएका मोहमद साहिद अन्सारी समेतले** भन्सार चोरी पैठारी गरी ल्याएको नक्कली अन्तःशुल्क स्टिकर मदिरा उत्पादन गर्ने कृष्टल बोटलर्स प्रा. लि. तथा माउन्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.लाई जारी भएको सक्कली अन्तशुल्क टिकटको सिरियल नम्बरसँग मिल्ने नम्बरका नक्कली अन्तशुल्क टिकटहरु बरामद भएको तथा भन्सार कार्यालयबाट जाँचपास भएको भन्दा वढी परिमारणमा मालवस्तु भेटिनुले भन्सार चोरी पैठारी गरी राजस्व चुहावटको कसूर गरेको देखिदा प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित कार्य गरी एवं सोही ऐनको दफा ४ को खण्ड (झ) बमोजिम कसुर गरी देहाय बमोजिम राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **बिगो रु. ५,५६,४३,०९८।- (अक्षेरुपी पाँच करोड छपन्न लाख त्रिचालिस हजार अन्ठानब्बे रुपैंया मात्र)** कायम गरी प्राप्त सबै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले उक्त प्रा.लि.हरुका संचालकहरु तथा नक्कली अन्तःशुल्क स्टिकर पैठारी गर्नेहरुलाई उल्लिखित कसूर

अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१), २३(१) को खण्ड (ग) र २३ (४) वमोजिम विगो रकम **रु. ५,५६,४३,०९८।- (अक्षेरुपी पाँच करोड छपन्न लाख त्रिचालिस हजार अन्ठानब्बे रुपैंया मात्र)** असुल उपर गरी जरिवाना र कैद सजाय हुन मागदावी लिई मिति २०७८।०७।२९ गते श्री **उच्च अदालत तुल्सीपुर बुटवलमा** मुद्दा दायर गरिएको।

## प्रतिवादीहरु

१. रुपन्देही जिल्ला, सिद्दार्थनगर न.पा. वडा नं. १३ स्थायी ठेगाना भएका कृष्टल बोटलर्स प्रा.लि. का सन्चालक फुलसिंह क्षेत्री ।

२. रुपन्देही जिल्ला, सिद्दार्थनगर न.पा. वडा नं. १३ स्थायी ठेगाना भएका कृष्टल बोटलर्स प्रा.लि. का सन्चालक प्रदिप क्षेत्री ।

३. जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ६ ट्राफिकचोक मैत्रिपथ स्थायी ठेगाना भएका श्रेष्ठ माउन्ट एभरेष्ट डिष्टिलरी प्रा.लि. (स्थायी लेखा नम्बर ३०२९५१११६) का सन्चालक मृगेन्द्र गोविन्द ।

४. जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ४ ट्राफिकचोक स्थायी ठेगाना भएका माउन्ट एभरेष्ट डिष्टिलरी प्रा.लि. (स्थायी लेखा नम्बर ३०२९५१११६) का सन्चालक प्रतिभा श्रेष्ठ ।

५. जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ६ ट्राफिकचोक मैत्रिपथ स्थायी ठेगाना भएका माउन्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.(स्थायी लेखा नम्बर ३०२९५१११६) का मुख्य कारोबारकर्ता प्रविन्द्र गोविन्द श्रेषठ ।

६. जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ३ दरखसवा स्थायी ठेगाना भएका मोहमद साहिद अन्सारी ।

७. जिल्ला रुपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. ३ दरखसवा स्थायी ठेगाना भएका अमानत अली।

८. जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. २ स्थायी ठेगाना भएका राजा कशौधन भनिने विनय कशौधन ।

९. जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा नं. १७ रानिगञ्ज स्थायी ठेगाना भएका हरि प्रसाद पौडेल।

१०. जिल्ला नुवाकोट तादी गाउँपालिका वडा नं. ३ प्रभु डाँडा स्थायी ठेगाना उल्लेख भई हाल जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. १ शान्तिनगर बस्ने कुल बहादुर पण्डित ।

११. जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं १६ स्थित कृष्टल बोटलर्स प्रा.लि. (स्थायी लेखा नम्बर ३०५६४५१३१) ।

१२. जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं १४ स्थित माउन्ट एभरेष्ट डिष्टिलरी प्रा.लि. (स्थायी लेखा नम्बर ३०२९५१११६) ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**